मालपोत कार्यालय सिन्धुपाल्चोकबाट प्रकाशित हकदाबी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना

मितिः-२०८२/०९/२५

सिन्धुपाल्चोक जिल्ला हाल बलेफी गाउँपालिका वडा नं. ५ बस्ने निवेदक तेन्जेन लामाले जग्गाधनी लगन सदावर्त गुठी तथा मोही मेरी पत्नी राम माया तामाङनी कायम रही नापीका समयमा नापनक्सा भई फिल्डबुक कायम भएको तपसिल बमोजिमका जग्गा हालसम्म पनि दर्ता हुन छुट भएको, उक्त जग्गाका मोही समेतको मृत्यु भई शेषपछिको हकदार म निवेदक पती मात्र भएको, अनवरत रुपमा मोहीको हैसियतले मैंले कमाई खाई आएको जग्गा भएको हुदा उक्त गुठी जग्गाधनी कायम गरी मेरा नाउँमा मोही नामसारी गरी पाउँ भनी च्युरीबोटे खेत दर्ताका लागि ७ नं. फाँटवारी, मोही लगतको अनुसूचि, फिल्डबुक उतार, नापीको नक्सा साथ बलेफी गाउँपालिका वडा नं.६ को च.नं.४२४ मिति २०८०।१०।२३ को स्थलगत सर्जमिन सिफारिसबाट हकदार र हकभोग समेत खुली आएको प्रमाण संलग्न राखी गुठी दर्ता तथा मोही नामसारीका लागि माग निवेदन गर्नु भएकोमा उक्त जग्गा पेश भएको प्रमाण समेत भिडी दर्ता हुने हो होईन ? सरकारी, सार्वजनिक, ऐलानी, पर्ती, खोला, बगर, बाटो, पार्टी, पौवा, वन, बुटेन आदि प्रकृतिको हो/होईन ? नापीका समयमा उक्त प्रकृतिका जग्गा घुसीमिसी नापनक्सा भै नक्सांकन भएको छ/छैन ? आफ्नो जग्गामा उक्त प्रकृतिका जग्गा समेत घुसाई भोग चलन गरेको पो छ कि ? निवेदक बाहेक अन्य हकदार छन् / छैनन् ? उक्त जग्गा यस अघि दर्ता गरेको वा सोका लागि कसैले माग निवेदन गरेको छ/छैन ? वा निवेदकले माग गरे बमोजिम दर्ता / नामसारी भई मोही कायम हुन नपर्ने कुनै कारण भए सो समेत खुलाई तोकिएको म्यादभित्र स-प्रमाण दाबी विरोध गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानुन बमोजिम भई जानेछ ।

फिल्डबुकमा भएको व्यहोराः-

| गा.वि.स | वडा नं. | कित्ता नं. | क्षे.फ. | जग्गाधनीको नाम | कैफियत |
|---|---|---|---|---|---|
| मांखा | ९ | ६०५ | १-१५-३-० | लगन सदावर्त गुठी | मोहीः-राममाया तामाङनी |
| मांखा | ९ | ६२५ | ०-४-२-३ | ऐ. ऐ. | ऐ. ऐ. |